## १. असमर्थ पक्ष तथा आर्थिक रुपले विपन्न नागरिक भन्नाले कसलाई बुझाउँछ ?

आर्थिक अवस्था कमजोर रहेको नागरिकलाई असमर्थ वा आर्थिक रूपले विपन्न नागरिक (यसपछि विपन्न नागरिक भनिनेछ) भनिन्छ। वार्षिक ४० (चालिस) हजार रुपैयाँ भन्दा कम आय हुने व्यक्ति वा लैगिंक हिंसा वा शसस्त्र द्वन्दबाट पीडित भएका व्यक्तिलाई असमर्थ पक्ष भनी बुझ्नु पर्दछ भन्ने कानूनी व्यवस्था रहेको छ।

## २. विपन्न नागरिकका अधिकारका सम्बन्धमा संविधानमा के कस्तो व्यवस्था गरिएको छ ?

- ❖ विपन्न नागरिक अन्य नागरिक सरह कानूनको दृष्टिमा समान हुनेछन्,
- ❖ आथिक रूपले विपन्न भएको आधारमा कानूनको समान संरक्षणबाट बन्चित गरिने छैन अर्थात भेदभाव गरिने छैन,
- ❖ आर्थिक अवस्थाको कारण वा आधारमा समानताको हकबाट बन्चित गरिने छैन वा भेदभाव गरिने छैन,
- ❖ आर्थिक रूपले विपन्न नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न सकिनेछ,
- ❖ स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुनेछ,
- ❖ असमर्थ पक्षलाई कानूनबमोजिम निःशुल्क कानूनी सहायताको हक हुनेछ,
- ❖ विपन्न नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ,
- ❖ विपन्न नागरिकलाई कानूनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ,
- ❖ विपन्न नागरिकलाई शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने सामाजिक न्यायको हक हुनेछ,
- ❖ विपन्न नागरिकलाई सामाजिक सुरक्षाको हक हुनेछ,

## ३. विपन्न वा असमर्थ नागरिकको हकमा कोर्टफी सम्बन्धी के कस्ता व्यवस्था रहेका छन् ?

नालेस, उजुर, पुनरावेदन मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदन वा पुनरावलोकनको निवेदन दर्ता गर्दा निम्नानुसारको कोर्टफी पछि तिर्ने गरी सुविधा लिन पाइन्छः

- ❖ कोर्टफी तिर्नुपर्ने व्यक्ति नितान्त गरीब भई लाग्ने कोर्टफी सबै वा केही कोर्टफी बुझाउन असमर्थ छ भन्ने मुद्दा हेर्ने अधिकारी वा न्यायाधीश विश्वस्त हुने आधार भएमा,
- ❖ कोर्टफी तिर्नुपर्ने व्यक्तिको झगडा परेको वस्तु बाहेक अन्य जायजेथा केही नभई कोर्टफी दाखिला गर्न असमर्थ छ भनी सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट सिफारिस भै आएमा,

## ४. कानूनी सहायता भनेको के हो ?

कानूनी सहायताले असमर्थ व्यक्तिलाई सरकारको तर्फबाट दिइने कानूनी राय सल्लाह तथा त्यस्तो व्यक्तिको तर्फबाट अड्डा अदालतहरूमा गरिने बहस पैरवी, लेखापढी तथा कानूनी कारबाहीका सम्बन्धमा उपलब्ध हुने अन्य सेवालाई जगाउँछ ।

## ५. कानूनी सहायता अन्तर्गत के कस्ता सहायता पाइन्छ ?

कानूनी सहायता अन्तर्गत असमर्थ व्यक्तिलाई राज्यको तर्फबाट निःशुल्क दिइने कानूनी राय सल्लाह र त्यस्तो असमर्थ व्यक्तिको तर्फबाट अड्डा अदालतहरूमा गरिने बहस, पैरवी, लेखापढी तथा कानूनी कारवाही सम्बन्धमा उपलब्ध हुने अन्य सेवा समेतलाई जनाउँदछ। यस्तो सेवा विपन्न नागरिकले निःशुल्क पाउने व्यवस्था रहेको छ।

## ६. कानूनी सहायता कसले उपलब्ध गराउँछ ?

असमर्थ पक्षलाई कानूनी सहायता नेपाल सरकारले उपलब्ध गराउँछ। सोका लागि केन्द्रमा कानून मन्त्रीज्यूको अध्यक्षतामा तथा जिल्लामा उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्ताको अध्यक्षतामा महिला तथा बालबालिका कार्यालयका महिला विकास अधिकृत, जिल्लास्थित बार एसोसिएसनका अध्यक्ष र सचिव तथा दुई जना कानून व्यवसायी रहेको समिति रहन्छ। सोही समितिले व्यवस्था गरेका कानून व्यवसायीहरू मार्फत कानूनी सहायता उपलब्ध गराइन्छ। साथै, प्रत्येक जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतमा असमर्थ पक्षको तर्फबाट बहस, पैरवी तथा कानूनी प्रतिनिधित्व गर्न वैतनिक कानून व्यवसायीको व्यवस्था गरिएको छ। त्यस्ता पक्षले वैतनिक कानून व्यवसायीबाट निःशुल्क रूपमा कानूनी सहायता पाउँछन्।

## ७. वैतनिक कानून व्यवसायी भनेको के हो ?

कानूनी सहायता प्राप्त गर्न नसकेका विपन्न व्यक्तिलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउन आवश्यक देखेमा कानूनी लिखत तयार गर्न वा वहस पैरवी गर्न सबै तहको अदालतबाट वैतनिक कानून व्यवसायीको सेवा उपलब्ध गराइन्छ। यसको लागि सम्बन्धित जिल्ला अदालत, उच्च अदालत तथा सर्वोच्च अदालतको सूचना तथा सहयोग कक्ष वा सोधपूछ कक्षमा सम्पर्क गर्नु पर्दछ।

## ८. वैतनिक कानून व्यवसायीबाट के कस्ता सेवाहरू प्राप्त गर्न सकिन्छ ?

- ❖ वहस पैरवी गर्ने,
- ❖ तारेख लिइदिने,
- ❖ लिखत तयार गरिदिने,
- ❖ निवेदनको ढाँचा भरीदिने,
- ❖ परामर्श सेवा दिने,
- ❖ कारागारमा रहेका थुनुवा वा बन्दीलाई कानूनी सेवा दिने,

## ९. कानूनी सहायता प्राप्त गर्न के गर्नु पर्छ ?

कानूनी सहायता प्राप्त गर्न चाहने व्यक्तिले कानूनी सहायता प्राप्त गर्न खोजको विषय, पारिवारिक स्थिति तथा आर्थिक स्थितिको विवरण सहितका प्रमाण संलग्न गरी जिल्लाको कानूनी सहायता समितिमा दरखास्त दिनु पर्नेछ। त्यस्तो दरखास्तसाथ स्थानीय तहको सिफारिस समेत संलग्न गर्नुपर्छ। दरखास्त फाराम भर्न नजान्ने वा समितिमा दरखास्त फाराम भर्न नसक्ने व्यक्तिको हकमा निजले पत्याएको अरू व्यक्तिले समेत समितिमा दरखास्त दिन

सक्छ। दरखास्त पेश भए पछि समितिले बढीमा ४५ दिनभित्र कानूनी सहायता उपलब्ध गराउने सम्बन्धी निर्णय गरी कुनै कानून व्यवसायीमार्फत कानूनी सहायता उपलब्ध गराउँछ।

साथै, विपन्न व्यक्तिले अदालतमा आई आफ्नो तर्फबाट कानून ब्यवसायी (वकिल) राख्न नसक्ने भई अदालतको तर्फबाट वैतनिक कानून व्यवसायी राखी पाउँ भनी निवेदन दिन सक्छन। यस्तो निवेदनमा अदालतले गरेको निर्णय अनुसार वैतनिक कानून व्यवसायीमार्फत कानूनी सहायता उपलब्ध गराइन्छ।

### १०. कस्तो व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराइन्छ ?

वार्षिक ४० (चालिस) हजार भन्दा कम आय भएको व्यक्तिलाई, लैगिंक हिंसा वा सशस्त्र द्वन्दबाट पीडित भएको व्यक्तिलाई कानूनी सहायता प्रदान गरिन्छ। यो सहायता कानून ब्यवसायीको (वकिल) खर्च बेहोर्न नसक्ने नागरिकहरूलाई प्रदान गरिन्छ। साथै, विपन्न व्यक्तिले अदालतमा आई आफ्नो तर्फबाट कानून ब्यवसायी (वकिल) राख्न नसक्ने भई अदालतको तर्फबाट वैतनिक कानून व्यवसायी राखी पाउँ भनी निवेदन दिएमा वैतनिक कानून व्यवसायीको सेवा उपलब्ध गराइन्छ।

### ११. कानूनी सहायता वापतको खर्च सोधभर्ना गर्नु पर्छ वा पर्दैन ?

- ❖ कुनै व्यक्तिले कानूनी सहायता प्राप्त गरेको कारणबाट कुनै सम्पत्ति वा आर्थिक लाभ प्राप्त गरेमा त्यस्तो व्यक्तिले सम्बन्धित समितिले गरेको खर्च सोधभर्ना गर्नु पर्नेछ,
- ❖ यसरी सोधभर्ना गराउदा निजले प्राप्त गरेको कूल सम्पत्ति वा आर्थिक लाभको १० (दश) प्रतिशतको दरले हुन आउने रकम भन्दा बढी रकम सोधभर्ना गराइने छैन,
- ❖ कानूनी सहायता वापतको खर्च सोधभर्ना लिदा सो व्यक्तिलाई मर्का पर्ने देखिएमा सम्बन्धित समितिले आफुले गरेको खर्च आंशिक वा पूर्ण रूपमा नलिने गरी छुट दिन सक्दछ,
- ❖ अदालतबाट प्रदान गरिएको वैतनिक कानून व्यवसायीको सेवा निःशुल्क हुन्छ,

### १२. गैर-सरकारी स्तरबाट उपलब्ध हुने कानूनी सहायता क-कस्ले उपलब्ध गराउछ ?

महिला कानून र विकास मन्च, सेलर्ड, आइ एल एफ नेपाल, माइती नेपाल, कानूनी सहायता तथा सहयोग केन्द्र (ल्याक) लगाएत विभिन्न गैरसरकारी संघसंस्थाहरूले विपन्न एवं पीडित व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउँदै आएका छन्। आफनो मुद्दा गर्नुपर्ने विषय सहित सम्बन्धित संस्थामा गएमा त्यस्ता संस्थाहरूबाट समेत निःशुल्क कानूनी सहायता प्राप्त गर्न सकिन्छ।

## सम्पर्क ठेगाना:

**सर्वोच्च अदालत**
**न्यायमा पहुँच आयोग**
रामशाहपथ, काठमाडौं, नेपाल

फोन नं. : ०१-४२६२७०२, ०१-४२५०९३८
ईमेल : a2jc@supremecourt.gov.np
वेभसाइट : www.supremecourt.gov.np

# असमर्थ पक्ष तथा आर्थिक रूपले विपन्न नागरिकको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका



**सर्वोच्च अदालत**
**न्यायमा पहुँच आयोग**
रामशाहपथ, काठमाडौं
२०७४